## माननीय महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यबाट बाउन्नौं वार्षिक प्रतिवेदन, २०७१ पेश

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२४ बमोजिम संवैधानिक निकाय, सुरक्षा निकाय, सरकारी स्वामित्वमा रहेका संगठित संस्था, विश्वविद्यालय, अन्य संस्था एवं कोषहरुसमेत ४ हजार ६१८ इकाईको आर्थिक वर्ष २०७०।७१ को रु.२३ खर्ब ५४ अर्ब १५ करोड ५ लाखको लेखापरीक्षण सम्पन्न गरी तयार पारेको महालेखापरीक्षकको बाउन्नौं वार्षिक प्रतिवेदन, २०७१ सम्माननीय राष्ट्रपति श्री रामवरण यादवज्यू समक्ष महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले २०७१।१२।२९ मा पेश गर्नुभयो । लेखापरीक्षणबाट यो वर्ष ४३ अर्ब ७१ लाख ९५ हजार बेरुजू कायम भएको छ । कुल बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रु.४ अर्ब २० करोड ४८ लाख (कुल बेरुजूको ९.६२ प्रतिशत), अनियमित भएको रु.२१ अर्ब ४० करोड ५३ लाख (कुल बेरुजूको ४८.९६ प्रतिशत) र पेश्कीबाँकी रु.१८ अर्ब १० करोड ९४ लाख (कुल बेरुजूको ४१.४२ प्रतिशत) रहेकोछ ।

सोही दिन कार्यालयको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले प्रतिवेदनमा समावेश भएका प्रमुख व्यहोराहरुको सम्बन्धमा प्रकाश पार्नुका साथै पत्रकारहरुले राखेको जिज्ञासाको समेत जवाफ दिनुभएको थियो ।

उहाँले प्रतिवेदन बुझाए लगत्तै लेखापरीक्षण प्रतिवेदन तयार गर्नमा सहयोग र चासो व्यक्त गर्नु हुने व्यवस्थापिका-संसद, संवैधानिक निकायहरु, नेपाल सरकार र मातहतका सबै निकाय, सार्वजनिक संस्था, विकासका साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायत सबैमा आभार व्यक्त गर्नुको साथै प्रतिवेदन तयारीको काममा आहोरात्र खटी तोकिएकै समयमा सम्माननीय राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्न सहयोग पुऱ्याउनुहुने यस कार्यालयका परिश्रमी एवं लगनशील सबै कर्मचारीहरुलाई धन्यवाद समेत दिनुभयो ।